# अप्पर स्याँङ्गे हाईड्रोपावर लिमिटेड

को

विषेश साधारण

सभाको

निर्णय विवरणहरु

(माईन्यूट)

२०८१।०२।०७

अप्पर स्याँङ्गे हाईड्रोपावर लिमिटेड.

को

# विषेश साधारण सभाको निर्णय विवरणहरु (माईन्यूट)

यस अप्पर स्याँङ्गे हाईड्रोपावर लिमिटेड (कम्पनी) को विषेश साधारण सभा यस कम्पनीका संचालक समितिका अध्यक्ष श्री सौरभ ढकालज्यूको अध्यक्षतामा देहाय बमोजिम सम्पन्न भयो ।

१. सभाको स्थान, मिति र समय

**मिति** : २०८१ साल जेष्ठ महिना ०७ गते सोमबार (तदनुसार २० मे, २०२४)

**स्थान** : कुण्डलिनी दरबार ब्याङ्क्वेट, चप्पल कारखाना चोक, काठमाडौं ।

**समय** : बिहान १०:०० बजे

२. **सूचना प्रकाशन:**

(क) यस कम्पनीको मिति २०८१।०१।२० गतेका दिन बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीले विषेश साधारण सभा बस्ने सूचना मिति २०८१/०१/२१ र मिति २०८१/०१/२२ मा नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो ।

(ख) यस कम्पनीको विषेश साधारण सभामा उपस्थित हुन सम्बन्धित नियमक निकायहरु, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्चेन्ज, सिडिएसि एण्ड क्लियरिङ्ग लिमिटेड, विद्युत नियमन आयोग, विद्युत विकास विभागलाई अनुरोध गरी पत्राचार गरिएको थियो ।

३. छलफलका लागि सभामा प्रस्ताव गरिएका विषयहरु :

क) साधारण प्रस्तावहरु:

(१) दोभान खोला जलविद्युत आयोजनाको अनुमति पत्र हस्तान्तरण गर्ने ।

(२) अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

(३) विविध ।

४. **सभामा उपस्थित (कम्पनी ऐन, २०६३ को दफा ६८ बमोजिम):**

**(क) सञ्चालकहरुको उपस्थिति**

| | | | |
|---|---|---|---|
| १. | श्री सौरभ ढकाल | अध्यक्ष | |
| २. | श्री विर बहादुर घले | प्रबन्ध सञ्चालक | |
| ३. | श्री केसांग श्रेष्ठ | सञ्चालक | |
| ४. | श्री सुरज राजबाहक | सञ्चालक | |
| ५. | श्री दिपिका ज्ञवाली | सञ्चालक | |
| ६. | श्री मणि थापा | सञ्चालक | |
| ७. | श्री सम्झना त्रिपाठी | सञ्चालक | |
| ८. | बिज घले | कम्पनी सचिव | |

**(ख) कम्पनीका पदाधिकारीहरुको उपस्थिति**

१) रवि लामिछाने – लेखा अधिकृत

२) रस बहादुर घले–मेकानिकल ईन्जिनियर

३) रोहित घले –सहायक प्रशासन

Upper Syange Hydropower Ltd.

५. <u>सभाको गणपूरक संख्या:</u>

| | |
|---|---|
| बाँडफाँड तथा बिक्री भएको कुल शेयर संख्या | २२,००,००० |
| आवश्यक न्यूनतम गणपुरक शेयर संख्या | ११,२२,००० |
| स्वयं उपस्थित शेयर संख्या | १,०७,३९४ |
| प्रतिनिधि मार्फत उपस्थित शेयर संख्या | १२,२३,०२६ |
| जम्मा उपस्थित शेयर संख्या | १३,३०,४२० |
| जम्मा उपस्थित शेयर प्रतिशत | ६०.४७% |
| शेयरधनी स्वयम उपस्थिति | १८ |
| प्रतिनिधि मार्फत | ३ |
| जम्मा उपस्थित शेयरधनी संख्या | २१ |

सभामा उपस्थित भएका उपरोक्त शेयरधनीहरु कम्पनी ऐन, २०६३ को दफा ७१ बमोजिम सभामा भाग लिन तथा मतदान गर्न योग्य रहेका थिए ।

६. <u>सभाको बैधानिकता:</u>

सभा सञ्चालन गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा कम्पनीको नियमावलीको नियम २३ बमोजिम बाँडफाँड भएको कुल शेयर संख्याको ५१ प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व गरी कूल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्धारा उपस्थित हुनुपर्ने प्रावधान अनुसार विहान १०:०० बजे सम्म कूल शेयर संख्या २२,००,००० कित्ताको ५१ प्रतिशत भन्दा बढी शेयर संख्याको स्वयं तथा प्रतिनिधि मार्फत तीन जना भन्दा बढी शेयरधनीहरुको उपस्थिति भई साधारण सभाको गणपूरक संख्या पुगेको कम्पनी सचिवले सभालाई अवगत गराउदै सभा संचालन गर्न प्रचलित ऐन, कानुन बमोजिम सभा बैधानिक रहेको कुरा जानकारी गराउनु भयो । सभा प्रारम्भ भई समापन नहुँदा सम्मको हाजिरी अभिलेख अनुसार १३,३०,४२० कित्ता संख्याको शेयर तथा शेयरधनीहरुको प्रतिनिधित्व सभामा रहेको थियो ।

७. <u>सभाको अध्यक्षता:</u>

कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) अनुसार साधारण सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूबाट हुने भएकोले कम्पनी सचिवले संचालक समितिका अध्यक्ष श्री सौरभ ढकालज्यूलाई सभाको अध्यक्षता गरी दिन आग्रह भए बमोजिम वहाँले अध्यक्षताको आशन ग्रहण गर्नुभयो । साथै, सञ्चालक समितिका अन्य सदस्यज्यूहरु, तथा आमन्त्रित कम्पनीका पदाधिकारीहरु एवं शेयरधनीहरु सबैलाई आ-आफ्नो स्थानमा आशन ग्रहण गरी दिन कम्पनी सचिवले अनुरोध गरे बमोजिम वहाँहरुले समेत आशन ग्रहण गर्नुभयो ।

Upper Syange Hydropower Ltd.

८. अध्यक्षज्यूको अनुमतिले प्रबन्ध निर्देशकज्यूको मन्तव्य:

सभामा स्वयं तथा प्रोक्सि मार्फत् उपस्थित शेयरधनीहरुलाई स्वागत गर्दै सभामा प्रस्तुत विषयसूचीहरु सँगै यस चालु आ.व. २०८०।८१ को तेस्रो त्रैमासिक सम्मको उपलब्धि तथा भावी योजनाहरुको बारेमा संक्षिप्त रुपमा प्रतिवेदन प्रस्तुत गर्नुभयो । कम्पनीलाई थप सफलता दिलाउने तर्फ कम्पनीको सञ्चालक समिति एवं कम्पनी व्यवस्थापन समेत कटिवद्ध रहेको व्यहोरा अनुरोध गर्दै यस विशेष साधारण सभामा प्रस्तुत गरिएका सम्पूर्ण प्रस्तावहरु छलफल गरी सर्वसम्मत पारित गरिदिन अनुरोध गर्नुभयो ।

९. छलफलका लागि आह्वान :

साधारण सभामा निर्धारित विषयसूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (६) मा भए अनुरुप अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिबले बोल्न इच्छुक शेयरधनीहरुलाई अनुरोध गर्नुभयो ।

१०. छलफलमा सहभागी हुने शेयरधनीहरुको व्यक्त धारणा, तथा सुझाव:

छलफलमा सहभागी हुनुभएका शेयरधनीहरुबाट व्यक्त विचार, धारणा, जिज्ञासा तथा सुझावहरुलाई सारांशको रुपमा देहाय बमोजिम प्रस्तुत गरिएको छ:-

१. श्री शत्रुधन श्रेष्ठ: यस कम्पनीले उत्तरोत्तर प्रगति गरिरहेको अनुभव भइरहेको छ । यसको लागि संचालक समितिलाई विशेष धन्यवाद ज्ञापन गर्दछु । आयोजना हस्तान्तरण गर्ने प्रस्तावमा हाम्रो सहमति छ । कम्पनीले सक्दो चाँडै हकप्रद शेयर निष्काशन गरोस् भनी हाम्रो इच्छा रहेको छ ।

२. श्री डम्बर बल्लभ घिमिरे: बिषेश साधारण सभाको लागि धन्यबाद । यस कम्पनीले आगमि बर्ष लाभांश वितरण गर्न सकोस भन्दै मेरो छोटो मन्तव्य यहि अन्त्य गर्छु ।

३. श्री उत्तम पाठक: दोभान खोला जलविद्युत आयोजनाको अनुमति पत्र हस्तान्तरणको औचित्यको बारेमा र आयोजना हस्तान्तरण पश्चात पनि अप्पर स्याङ्जे हाइड्रोपावर लिमिटेड कम्पनीबाट व्यवस्थापन हुने हो वा होइन, हो भने कसरी हुने हो सो बारे खुलाईदिनु होस् भनी प्रश्न गर्नुभयो ।

४. श्री निरुपमा गुप्ता: यस कम्पनीले उत्तरोत्तर प्रगति गरिरहेको अनुभव भइरहेको छ । यसको लागि संचालक समितिलाई विशेष धन्यवाद ज्ञापन गर्दछु । आयोजना हस्तान्तरण गर्ने प्रस्तावमा हाम्रो सहमति छ । कम्पनीले सक्दो चाँडै हकप्रद शेयर निष्काशन गरोस् भनी हाम्रो इच्छा रहेको छ ।

५. कृष्ण प्रसाद अधिकारी: पुर्ववक्ता साथीहरुको भनाई प्रति मेरो पुर्ण सर्मथन छ । यस कम्पनीको आर्थिक प्रगति गत आ. व. २०७९/८० भन्दा चैत्र २०८१ मा धेरै राम्रो देखेको छु भन्दै मेरो मन्तव्य समापन गर्दछु ।

६. गोविन्द बहादुर केसी: यस कम्पनीले उत्तरोत्तर प्रगति गरिरहेको अनुभव भइरहेको छ । यसको लागि संचालक समितिलाई विशेष धन्यवाद ज्ञापन गर्दछु । आयोजना हस्तान्तरण गर्ने प्रस्तावमा हाम्रो सहमति छ । कम्पनीले सक्दो चाँडै हकप्रद शेयर निष्काशन गरोस् भनी हाम्रो इच्छा रहेको छ ।

११. सभामा व्यक्त भएका धारणा, सुझाव तथा सवाल जवाफको प्रस्तुतिकरण:

छलफलमा सहभागी शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको मन्तव्य, जिज्ञासा, सल्लाह, सुझाव तथा प्रतिक्रियाहरुलाई प्रबन्ध निर्देशकज्यूले देहाय बमोजिम जिज्ञासाहरुलाई स्पष्ट गर्नु भयो र सल्लाह सुझावलाई मनन गरी आगामी कार्य योजना बनाउने कुरा प्रस्तुत गर्नुभयो ।

Upper Syange Hydropower Ltd.

**प्रबन्ध निर्देशकज्यूको जवाफ:**

शेयरधनी महानुभावहरुबाट व्यक्त मन्तव्य, जिज्ञासा, सल्लाह, सुझाव तथा प्रतिक्रियाहरुलाई सकारात्मक रुपमा ग्रहण गर्ने र सम्भव भएसम्मका सल्लाह तथा सुझावहरुलाई लागू गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दै शेयरधनीहरुको सुझाव बमोजिम नै कम्पनीको उत्तरोत्तर प्रगतिको लागि कम्पनीले आफ्नो रणनीति बमोजिम कार्य गरिरहेको विश्वास दिलाउनु भयो ।

**दोभान खोला जलविद्युत आयोजनाको अनुमति पत्र हस्तान्तरणको औचित्य:**

(क) भूमि सम्बन्धी ऐन, २०२१ अनुसार जग्गावालाको हैसियतले काठमाडौं उपत्यका बाहेक सम्पूर्ण पहाडी क्षेत्रमा ७० रोपनी सम्म मात्र अधिकतम हद जग्गा राख्न पाउने कानूनी व्यवस्था भएकोले दुईवटा आयोजनाको लागि उक्त अधिकतम हद भन्दा बढी जग्गा आवश्यक हुने देखिएको छ ।

(ख) दोभान खोला जलविद्युत आयोजनाको लागि आवश्यक पूँजी यस कम्पनी एक्लैले व्यवस्थापन गर्न सक्ने अवस्था नभएको ।

(ग) दोभान खोला जलविद्युत आयोजनामा लगानी गरेको बैंकले लगानी गर्ने प्रत्याभूती नभएको ।

(घ) यस कम्पनीको हालको जनशक्ति, श्रोत साधन आदि क्षमताले दोभान खोला जलविद्युत आयोजना विकास गर्न पर्याप्त नहुने र क्षमता वृद्धिको लागि पर्याप्त लगानी आवश्यक भई सो लगानी वृद्धि गर्न विविध चुनौती रकेकोले ।

(ङ) दोभान खोला जलविद्युत आयोजना २४.५ मेगावाट क्षमताको भएकोले हालको आर्थिक हैसियत पर्याप्त नभएको ।

**दोभान खोला जलविद्युत आयोजनाको व्यवस्थापन:**

दोभान खोला जलविद्युत आयोजनाको व्यवस्थापन अप्पर स्याङ्गे हाइड्रोपावर लिमिटेडकै व्यवस्थापन समूहले गर्नेछ । अहिले अप्पर स्याङ्गे हाइड्रोपावर लिमिटेडको ५१ प्रतिशत शेयर स्वामित्वमा रहने गरी दोभान खोला जलविद्युत आयोजनाको स्थापना गरेको छ । तसर्थ, दोभान खोला जलविद्युत आयोजना र दोभान खोला हाइड्रोपावर लिमिटेडको व्यवस्थापन र स्वामित्वमा अप्पर स्याँङ्गे हाइड्रोपावर लिमिटेडले आफ्नो अधिकार राख्ने छ भनेर जवाफ दिनुभयो ।

१२. **सभाको प्रस्ताव तथा पारित निर्णयहरु:**

(क) **साधारण प्रस्ताव तर्फ :**

(१) **दोभान खोला जलविद्युत आयोजनाको अनुमति पत्र हस्तान्तरण गर्ने ।**

यस अप्पर स्याङ्गे हाइड्रोपावर लिमिटेडको स्वामित्वमा रहेको २४.५ मेगावाट क्षमताको दोभान खोला जलविद्युत आयोजनाको अनुमति पत्रहरु (विद्युत सर्वेक्षण अनुमति पत्र, विद्युत उत्पादन अनुमति पत्र लगायत सो सँग सम्बन्धित सम्पूर्ण अनुमति पत्र, सम्झौता पत्र आदि) यस कम्पनीको ५१ प्रतिशत शेयर स्वामित्व रहेको दोभान खोला हाइड्रोपावर लिमिटेडलाई हस्तान्तरण गर्ने सर्वसम्मतिले पारित गरियो ।

(२) **अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।**

दोभान खोला जलविद्युत आयोजनाको अनुमति पत्र हस्तान्तरण सम्बन्धी सम्बन्धित निकायमा प्रक्रिया गर्दा आवश्यक संशोधन, आवश्यक निर्णय गर्नु परेमा उक्त आयोजना हस्तान्तरण सम्बन्धी गर्नु पर्ने कार्य गर्न यस कम्पनीका संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सर्वसम्मतिले पारित गरियो ।

Upper Syange Hydropower Ltd.

(३) विविध ।

१३. धन्यवाद ज्ञापन

छलफलको लागि निर्धारित प्रस्तावहरु उपर सभाले निर्णय गर्ने कार्य सकिएको हुनाले अध्यक्षज्यूले बिषेश साधारण सभामा सहभागी शेयरधनी महानुभावज्यूहरु, संचालकज्यूहरु, पर्यवेक्षक प्रतिनिधि, शुभेच्छुक तथा कम्पनीको बिषेश साधारण सभालाई सफल पार्न प्रत्यक्ष एवं परोक्ष रुपमा सहयोग गर्नु हुने नियमनकारी निकायहरु, व्यवस्थापन समूह, लगायत सकारात्मक मन्तव्य तथा सुझावहरु प्रस्तुत गरेकोमा शेयरधनी महानुभावज्युहरुलाई समेत हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो ।

१४. सभा विसर्जन:

अन्त्यमा, सभाका अध्यक्षज्यूले छलफल गर्नुपर्ने कुनै विषय बाँकी नभएकोले कम्पनीको विषेश साधारण सभा दिनको ११:३० बजे विसर्जन भएको घोषणा गर्नुभयो ।

............................
बिज घले
कम्पनी सचिव

............................
सौरभ ढकाल
अध्यक्ष

Upper Syange Hydropower Ltd.